(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ संख्या: ०३ मिति: २०७७/०४/२३

भाग-२

विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको स्वीकृतिबाट जारी

## "कोभिड १९ संक्रमितहरुको आईसोलेसन सम्बन्धी मापदण्ड, २०७७

# कोभिड-१९ संक्रमितहरुको आइसोलेसन सेन्टर सम्बन्धी मापदण्ड २०७७

**प्रस्तावनाः**

महामारीको रुपमा विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण विराटनगर महानगरपालिका क्षेत्रभित्र तीब्र गतिमा दिन प्रतिदिन बढ्दै गइरहेको र यसको संक्रमण समुदाय स्तरमा फैलिसकेको अवस्था छ। बढ्दो संक्रमण दरका कारण संक्रमण रोकथाम तथा नियन्त्रण र संक्रमितहरूको व्यवस्थापन चुनौतिपूर्ण बन्दै गइरहेको छ। संक्रमितहरूको व्यवस्थापनका सन्दर्भमा अस्पतालमा नै भर्ना भई उपचार आवश्यक नभएका, संक्रमणको लक्षण नभएका र सामान्य लक्षण भएका संक्रमितहरुलाई छुट्टै आइसोलेशन केन्द्रमा वा घरमा नै आइसोलेसन (होम आइसोलेसन) मा राखी उपचार गर्नुपर्ने भएकोमा होम आइसोलेसनका लागि तोकिए बमोजिमको न्युनतम मापदण्ड नभएको अवस्था र आइसोलेसन केन्द्रमा बेड खाली नभएको अवस्थामा तत्काल आइसोलेसनमा बस्नको लागि विराटनगर महानगरपालिकाबाट सञ्चालन हुनेगरी "आइसोलेसन सेन्टर"को परिकल्पना गरिएको छ। उक्त आइसोलेसन सेन्टर सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति र फोहोर व्यवस्थापन लगायतका अन्य प्राविधिक विषयहरुको न्युनतम मापदण्ड निर्धारण गर्न आवश्यक भएकोले विराटनगर महानगरपालिकाले "कोभिड-१९ संक्रमितहरुको आइसोलेसन सेन्टर सम्बन्धी मापदण्ड २०७७" जारी गरेको छ।

## परिच्छेद - एक

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस मापदण्डको नाम "कोभिड-१९ संक्रमितहरुको आइसोलेसन सेन्टर सम्बन्धी मापदण्ड २०७७" रहेको छ।

(ख) यो मापदण्ड विराटनगर महानगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क) "कोभिड-१९" भन्नाले विश्व स्वास्थ्य संगठनको परिभाषा अनुरुप हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई जनाउँदछ।

(ख) "संक्रमित" भन्नाले कोभिड-१९ बाट संक्रमित व्यक्ति सम्झनु पर्दछ।

(ग) "आइसोलेसन" भन्नाले कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण र संक्रमितको उपचारका लागि संक्रमितले अलग्गै एक्लै बस्नुपर्ने अवस्थालाई बुझ्नुपर्दछ।

(घ) "होम आइसोलेसन" भन्नाले नेपाल सरकाले तोकेको मापदण्ड बमोजिम संक्रमित घरैमा आइसोलेसनमा रहने अवस्था सम्झनुपर्दछ।

(ङ) "आइसोलेसन केन्द्र" भन्नाले संक्रमितहरूलाई आइसोलेसनमा राख्न नेपाल सरकार/प्रदेश सरकारले मापदण्ड बमोजिम सञ्चालन गरेको आइसोलेसन केन्द्रलाई सम्झनुपर्दछ।

(च) "कोभिड अस्पताल" भन्नाले संक्रमितहरूको उपचारका लागि सञ्चालनमा रहेको अस्पताललाई सम्झनुपर्दछ।

(छ) "महानगरपालिका" भन्नाले विराटनगर महानगरपालिका सम्झनुपर्दछ।

(ज) "आइसोलेसन सेन्टर" भन्नाले यस मापदण्ड बमोजिम विराटनगर महानगरपालिकाले सञ्चालन गर्ने आइसोलेसन सेन्टरलाई सम्झनुपर्दछ।

**३. मापदण्डको औचित्य:**

(क) कोभिड-१९ को बढ्दो संक्रमण दरका कारण संक्रमण रोकथाम तथा नियन्त्रण र संक्रमितहरूको व्यवस्थापन चुनौतिपूर्ण बन्दै गइरहेको अवस्थामा संक्रमितहरूलाई तत्काल व्यवस्थापन गर्नुपर्ने अत्यावश्यक रहेकोले।

(ख) अस्पतालमा नै भर्ना भई उपचार आवश्यक नभएका, संक्रमणको लक्षण नभएका र सामान्य लक्षण भएका संक्रमितहरुलाई छुट्टै आइसोलेशन केन्द्रमा वा घरमा नै आइसोलेशन (होम आइसोलेसन) मा राखी उपचार गर्नुपर्ने भएकोमा होम आइसोलेसनका लागि तोकिए बमोजिमको न्युनतम मापदण्ड नभएको अवस्था र आइसोलेसन केन्द्रमा बेड खाली नभएको अवस्थामा तत्काल आइसोलेसनमा राख्नुपर्ने भएको र सोको व्यवस्था महानगरपालिकाले गर्नुपर्ने अवस्था सिर्जना भएकोले।

## <u>परिच्छेद - दुई</u>
## आइसोलेसन सेन्टर सम्बन्धी मापदण्ड

**१. आइसोलेसन सेन्टरमा रहने संक्रमितहरु:**

क) आइसोलेसन सेन्टरमा अस्पतालमा नै भर्ना भई उपचार आवश्यक नभएका, संक्रमणको लक्षण नभएका वा सामान्य लक्षण भएका संक्रमितहरुलाई मात्रै राख्नुपर्नेछ।

ख) आइसोलेसन सेन्टरमा ६० बर्ष माथिका र १२ बर्ष मुनिका, गर्भवती, सुत्केरी तथा अन्य दीर्घ रोगीहरु (मुटु रोग, उच्च रक्तचाप, क्यान्सर, मधुमेह, श्वास प्रश्वास सम्बन्धि समस्या भएका) लाई राख्न मिल्नेछैन।

ग) आइसोलेसन सेन्टरमा बस्नको लागी संक्रमितले पालन गर्नुपर्ने पक्षहरुको बारेमा अनुसुची १ बमोजिम मन्जुरनामा गराई मात्र राख्नुपर्नेछ।

घ) आइसोलेसन सेन्टरमा यस मापदण्डमा उल्लेखित बाहेकको सेवा सुविधा नहुने भएकोले र निजलाई व्यवहारीक रुपमा अनुसुची १ भराउन मुनासिव नदेखिएमा महानगरपालिकाको आइसोलेसन सेन्टरमा आएका संक्रमितले यो स्वीकार गरी आएको मानिनेछ।

ङ) आइसोलेसन सेन्टरमा बसेका संक्रमितहरुको दैनिक कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

च) संक्रमितहरुको स्वास्थ्यमा मध्यम वा कडा जटिलता देखिएमा तुरन्तै नजिकको कोभिड अस्पतालमा प्रेषण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

**२. आइसोलेसन सेन्टरको संरचनागत व्यवस्थाः**

क) आइसोलेसन सेन्टरमा बस्ने संक्रमितहरुबीच कम्तिमा २ मिटरको भौतिक दुरी अनिवार्य रुपमा कायम हुनेगरी व्यवस्थापन गर्नुपर्ने छ।

ख) संक्रमितहरुलाई सकेसम्म छुट्टै कोठामा राख्ने व्यवस्था मिलाउनु पर्नेछ। एउटा कोठामा एक भन्दा बढी संक्रमित राख्नु परेमा संक्रमितहरुले प्रयोग गर्ने बेड र कुर्सीलाई कम्तिमा २ मिटरको दुरी कायम गर्नुपर्ने छ।

ग) संक्रमितहरु बस्ने कोठामा उपयुक्त भेन्टिलेसनको व्यवस्थापन गर्नु पर्नेछ। आवश्यकता अनुसार पङ्खा र बिजुलिको व्यवस्था गर्नुपर्ने छ।

घ) आइसोलेसन सेन्टरमा बस्ने संक्रमितहरुको सुरक्षाको सुनिश्चतताको लागि हरेक झ्याल, ढोका र भेन्टिलेसनमा चुक्कुल र झ्यालको व्यवस्था मिलाउनु पर्नेछ।

ङ) आइसोलेसन सेन्टरमा बस्ने संक्रमितहरुको मनोरञ्जन र सूचना आदान-प्रदानको लागि इन्टरनेट/वाइफाइको व्यवस्था मिलाउनु पर्नेछ।

च) सकेसम्म हरेक संक्रमितको लागि छुट्टै शौचालय, स्नानघर र साबुनको व्यवस्था मिलाउनुपर्ने छ। एउटै शौचालय र स्नानघर एकभन्दा बढी संक्रमितले प्रयोग गर्नुपर्ने भएमा पुरुष र महिलाको लागि छुट्टाछुट्टै शौचालय र स्नानघरको व्यवस्था गर्नुपर्ने छ। साथै, महिला शौचालयमा स्यानीटरी प्याड व्यवस्थापनका लागी बिर्को सहितको डस्टबिनको व्यवस्था गर्नुपर्ने छ।

छ) आइसोलेसन सेन्टरमा पिउने पानीको उचित व्यवस्था गर्नुपर्ने छ।

ज) सकेसम्म संक्रमितहरुको हेरचाह र सुरक्षामा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, अन्य कर्मचारी र आगन्तुकहरुका लागी छुट्टै प्रवेशद्वार, शौचालय, स्नानघर र हातधुने स्टेसनहरुको व्यवस्था गर्नुपर्ने छ।

झ) संक्रमितहरुका लागि आवश्यक पर्ने औषधि, उपकरण, अन्य स्वास्थ्य सामाग्री तथा अभिलेख सम्बन्धी कागजातहरु सुरक्षित साथ राख्ने प्रयोजनका लागी स्वास्थ्य स्टेसनको व्यवस्था मिलाउनुपर्ने छ।

**३. मानवश्रोतको व्यवस्थाः**

क) आइसोलेसन सेन्टरमा निम्न बमोजिमको मानवश्रोतको व्यवस्था गर्नुपर्ने छः-

- १ जना डाक्टर
- २ जना पारामेडिक्स वा नर्स
- १ जना सफाई कर्मचारी

ख) उपदफा (क) बमोजिमका कर्मचारीहरुको डयुटी रोष्टर १२/१२ घण्टाको हुनेछ।
ग) आइसोलेसन सेन्टरमा पर्याप्त सुरक्षाको व्यवस्था मिलाउनुपर्ने छ।

४. क्लिनिकल व्यवस्थाः

क) आइसोलेसन सेन्टरमा हरेक संक्रमितको नियमित स्वास्थ्य जाँच गरी व्यक्तिगत प्रोफाइलको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने छ। प्रत्येक दिन कम्तिमा २ पटक शरीरको तापक्रम, नाडीको गति र श्वासप्रश्वासको गति लिने तथा स्वास्थ्य समस्या भए/नभएको विवरण लिने व्यवस्था मिलाउनुपर्ने छ।
ख) संक्रमितले चिकित्सकको प्रेसक्रिप्सन अनुसारको औषधि खाए/नखाएको सुनिश्चित गर्ने र नियमित खाने औषधि सकिएको भएमा सोको व्यवस्था मिलाउनुपर्ने छ।
ग) संक्रमितलाई नियमित रुपमा मनोपरामर्श (मनोसामाजिक परामर्श) दिने व्यस्था गर्नुपर्ने छ।
घ) स्वास्थ्यकर्मीले आवश्यक ठानेमा वा संक्रमितले स्वास्थ्यमा कुनै पनि किसिमको असहजता/जटिलता महसुस गरेमा थप जाँच वा उपचारको लागी प्रेषण गर्ने व्यवस्था मिलाउनुपर्ने छ।

**५. औषधि उपकरण तथा अन्य स्वास्थ्य सामाग्री सम्बन्धी व्यवस्थाः**

आइसोलेसन सेन्टरमा निम्नानुसारका स्वास्थ्य सामाग्रीहरु अनिवार्य रुपमा उपलब्ध हुनुपर्नेछः-
क) आवश्यकता अनुसार स्टेथेस्कोप, थर्मोमिटर, बिपी सेट, टर्च लाइट र जाँचका लागि चाहिने अन्य आवश्यक सामाग्रीहरु
ख) पारासिटामोल, सिट्रिजेन, पेन्टाप्राजोल, भिटामिन बी, सी, डी र ई, ओआरएस (जीवनजल), जिन्क टयाब्लेट लगायतका अत्यावश्यक औषधिहरू
ग) अक्सिजन सिलिण्डर (कम्तिमा १:२५ संक्रमित)
घ) अक्सिजन मास्क
ङ) व्यक्तिगत सुरक्षा कवच (पिपिई) का सामाग्रीहरु
च) संक्रमनजन्य र अन्य फोहोर व्यवस्थापनका लागी चाहिने फोहर फाल्ने भाडो, बिन तथा सार्प बाकसहरु

**६. संक्रमणजन्य फोहोर व्यवस्थापनः**

क) आइसोलेसन सेन्टरमा नियमित प्रयोग हुने स्थान तथा सतहहरुको नियमित सरसफाईको प्रबन्ध मिलाउनुपर्ने छ।
ख) आइसोलेसन सेन्टरबाट निस्कने सबै फोहरलाई संक्रमणजन्य फोहोर ठानी फोहोर व्यवस्थापन सम्बन्धी निर्देशिका (कोभिड-१९ महामारीको आपतकालीन अवस्थामा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन २०७७) बमोजिम फोहोर व्यवस्थापन गर्नुपर्ने छ।
ग) फोहर व्यवस्थापनका लागी आइसोलेसन सेन्टरमा निम्नानुसारका सामाग्रीहरुको व्यवस्था हुनुपर्ने छः-

- अटोक्लेभ/Boiling गर्ने साधन
- ट्रली

- बिर्को भएका फोहोर फाल्ने भाडाहरु
- निसंक्रमण र निर्मलीकरण गर्न चाहिने सामाग्रीहरु

**७. संक्रमण रोकथाम सम्बन्धी व्यवस्था:**

आइसोलेसन सेन्टरमा संक्रमण फैलिन नदिन मुख्यतः ४ किसिमका सुरक्षा विधिहरू अवलम्बन गर्नुपर्ने छः-

क) साधारण सावधानीका उपायहरू-

- सबै संक्रमितहरुको रगत, रगतजन्य पदार्थहरु, श्रावहरु, छाला तथा म्युकस मेम्ब्रेनहरु नछुने र **अनुसुची २** अनुसार हातको सरसफाइ, **अनुसुची ३** बमोजिम व्यक्तिगत सुरक्षाका सामाग्रीहरुको प्रयोग, प्रयोग भएको सुईबाट बच्ने, फोहरजन्य पदार्थको समुचित बिसर्जन र **अनुसुची ४** बमोजिम वातावरणीय सरसफाई तथा प्रयोग भएका सामाग्रीहरुको निसंक्रमण गर्ने

ख) ड्रपलेट बाट बच्ने उपायहरू-

- सबै संक्रमितहरुले नियमित रुपमा मास्कको प्रयोग गर्ने
- मास्क नलगाएको बेला खोक्दा टिस्यु पेपर, रुमाल वा हातको कुहिनाले छोप्ने
- थुक जथाभावी नफाली बिर्को सहितको डस्टबिनमा जम्मा गरी गाड्ने

ग) सम्पर्कबाट बच्ने उपायहरू-

- नियमित साबुन पानी वा सेनिटाइजरले हात धुने
- कम्तीमा २ मिटरको भौतिक दुरी कायम राख्ने
- मोवाइल फोन, एस.एम.एस. वा इन्टरनेटको माध्यमबाट सूचना आदान-प्रदान गर्ने

**८. खानपिन सम्बन्धी व्यवस्था:**

क) आइसोलेसन सेन्टरमा रहेका संक्रमित र खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारीहरुलाई दिनमा ३ पटक स्वस्थ र पोषिलो खाना-खुवाउने प्रबन्ध मिलाउनुपर्ने छ।

ख) पिउने पानीको उचित प्रबन्ध हुनुपर्ने छ।

ग) हरेक विरामीलाई खाना खानको लागी छुट्टै भाडाकुडा उपलब्ध गराउनुपर्ने छ। विरामीले खाना खाएपछि भाँडा-वर्तन आफैं सफा गरी नियमित प्रयोग गर्ने वातावरण मिलाउनुपर्ने छ। सम्भव भएसम्म डिस्पोजेबल प्लेट/थालीको प्रयोग गर्नुपर्ने छ।

घ) भाँडा सफा गर्ने सफाईमा संलग्न व्यक्तिले **अनुसुची ३** मा उल्लेख भए अनुसारका व्यक्तिगत सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्ने छ।

**९. प्रेषण तथा एम्बुलेन्स सम्बन्धी व्यवस्था:**

क) संक्रमितहरुलाई कुनै पनि स्वास्थ्य समस्या देखिएमा नजिकको कोभिड अस्पतालसँग समन्वय गरी तुरुन्तै एम्बुलन्समा राखेर उक्त अस्पतालमा पठाउनुपर्ने छ।

ख) संक्रमितलाई अस्पताल प्रेषण गर्दा सम्बन्धित अस्पताल र निजका आफन्तहरुलाई समेत अग्रीम जानकारी गराउनुपर्ने छ।

ग) प्रेषण गर्दा निजसँग सम्बन्धित सबै अभिलेखहरु राम्रोसँग प्लाष्टिक ब्यागमा सील गरी फाइल अस्पतालमा पुग्ने गरी निज वा निजको आफन्तलाई हस्तान्तरण गर्नुपर्ने छ।

घ) एम्बुलेन्स चालक र संक्रमितसँगै जाने अन्य व्यक्तिहरुले व्यक्तिगत सुरक्षाका उपायहरु प्रयोग गरेको सुनिश्चित गर्नुपर्ने छ।

ङ) आइसोलेसन सेन्टरको लागि एउटा एम्बुलेन्स २४ सै घण्टा तयारी अवस्थामा राख्नुपर्ने छ।

च) संक्रमितले एक पटक प्रयोग गरिसकेको एम्बुलेन्सलाई **अनुसुची ५** मा दिएको प्रक्रिया अपनाई राम्रोसँग सफा र निसंक्रमण गरेपश्चात मात्र पुनः प्रयोगमा ल्याउनुपर्ने छ।

**१०. आगन्तुकहरुको व्यवस्थापनः**

क) संक्रमित र निजको परिवार वा आफन्तबीचको भेटघाटलाई निरुत्साहित गर्नुपर्ने छ।

ख) संक्रमित र निजका परिवार वा आफन्तबीचको संवादका लागि मोवाईल फोन/इन्टरनेट प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ।

**११. आइसोलेसन सेन्टरमा रहने संक्रमित व्यक्तिहरूले पालना गर्नुपर्ने आचारसंहिता देहाय बमोजिम हुनेछः**

(क) व्यक्तिगत स्वास्थ्य सुरक्षा सजगताका साथ अनिवार्य पालना गर्ने।

(ख) स्वास्थ्यकर्मी वा आइसोलेसन सेन्टरमा खटिएका कर्मचारीको निर्देशन पालना गर्ने।

(ग) सम्मानजनक र नम्र व्यवहार गर्ने, सहयोगी बन्ने।

(घ) जाति, धर्म, वर्ण, लिङ्ग, भाषा, वेषभूषा, भेग वा अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने।

(ङ) सूर्तिजन्य, नशालु तथा मादक पदार्थ सेवन नगर्ने।

(च) अशिष्ट, अभद्र र अस्वभाविक आचरण नगर्ने।

(छ) रिसाउने, झैझगडा गर्ने र घाउचोट पुऱ्याउने कार्य नगर्ने।

(ज) सभ्य र शोभनीय पोशाक मात्र लगाउने।

(झ) कुनै पनि नकरात्मक गतिविधि, लोभलालच, हो-हल्ला, अत्याउने कार्य, अनावश्यक टिकाटिप्पणी नगर्ने।

(ञ) तोकिएको स्थानमा मात्र रहने।

(ट) अरुलाई बाधा हुने वा हिनताबोध गराउने कार्य नगर्ने/नगराउने।

(ठ) शान्त र सौहार्दपूर्ण वातावरण सिर्जना गर्ने सहयोग गर्ने।

(ड) कुनै पनि किसिमको पशुपंक्षी/प्राणी आइसोलेसन सेन्टर क्षेत्रमा देखिए सोको जानकारी कर्मचारी वा सुरक्षाकर्मीलाई गराउने।

(ढ) आइसोलेसन सेन्टरमा रहेका संक्रमित व्यक्तिहरू भाग्ने वा भाग्ने कोशिस गरेको देखेमा वा शङ्का लागेमा तुरुन्त सुरक्षाकर्मी/कर्मचारीलाई खबर गर्ने।

(ण) आइसोलेसन सेन्टरमा उपलब्ध सुविधाहरू आपसी समझदारीमा उपभोग गर्ने।
(त) उपलब्ध सरसामानहरूको हिफाजत र समुचित प्रयोग गर्ने।

**१२. आइसोलेसन सेन्टरमा खटिने व्यक्तिहरूले आचरण सम्बन्धी पालना गर्नुपर्ने नियमहरू देहाय बमोजिम हुनेछन्:**

(क) प्रभावकारी ढङ्गबाट अनुशासनको पालना गर्दै मितव्ययी तरिकाले कार्य सम्पादन गर्ने।
(ख) व्यक्तिगत स्वास्थ्य सुरक्षाको अनिवार्य पालना गर्ने।
(ग) तोकिएको जिम्मेवारीलाई दायित्वबोध गरी संवेदनशील भएर कार्यसम्पादन गर्ने। कार्यसम्पादनको नियमित प्रतिवेदन माथिल्लो तह/महानगरपालिकामा पेश गर्ने।
(घ) सबैसँग नम्र र मिजासिलो व्यवहार गर्ने।
(ङ) आइसोलेसन सेन्टरमा रहेका संक्रमितहरूसँग अनावश्यक भेटघाट, गफगाफ नगर्ने।
(च) आवश्यकता र औचित्यको आधारमा मात्र सूचना सम्प्रेषण गर्ने। तोकिएको व्यक्तिले मात्र सूचना प्रवाह गर्ने।

अनुसुची १

आइसोलेसन सेन्टरमा बस्नका लागि आवश्यक मन्जुरीनामा

**मन्जुरीनामा**

मितिः............./....../......

म..............................................(संक्रमितको नाम,थर) वर्ष.........को महिला/पुरुष/अन्य ..............................................न.पा/गा.पा वर्ड नं. टोल ..........................निवासी र नागरिकता नं.(विदेशीको हकमा पासपोर्ट नं.)............................... वाहक व्यक्ति आइसोलेसन सेन्टरमा बस्नका लागि यस मन्जुरीनामामा उल्लेखित शर्त तथा मापदण्डहरुको पुर्ण पालना गर्ने छु । यसका साथै प्रत्येक दिन आफ्नो स्वास्थ्य अवस्थाको जानकारी यस अस्पताल/स्वास्थ्य संस्था/ आइसोलेसन केन्द्रले तोकेको व्यक्तिलाई उपलब्ध गराउने छु। आइसोलेसन सेन्टरमा रहदा कुनै थप जटिलता भएमा सोको जिम्मेवार म/मेरो परिवार स्वयं हुनेछ। यस मन्जुरीनामामा उल्लेखित कुनै प्रावधानहरुको अवज्ञा गरेको ठहरिएमा संक्रामक ऐन २०२० को दफा ३ बमोजिम कारवाही/सजाय सहुँला बुझाउँला ।

तोकिएको स्वास्थ्यकर्मीको विवरणः

नाम/थरः

सम्पर्क नं.(मोवईल नं. वा फोन नं.)

मन्जुरीनामामा सही छाप गर्ने व्यक्तिकोः

सहीः

सम्पर्क नं.(मोवाईल वा फोन नं.)

अभिभावकको नाम र सम्पर्क नं.

साक्षीः

नाम/थरः

सम्पर्क नं.(मोवाइल वा फोन नं.)


अनुसुची २

# How to Handrub?


RUB HANDS FOR HAND HYGIENE! WASH HANDS WHEN VISIBLY SOILED

**Duration of the entire procedure:** 20-30 seconds

1a




1b




Apply a palmful of the product in a cupped hand, covering all surfaces;

2




Rub hands palm to palm;

3



Right palm over left dorsum with interlaced fingers and vice versa;

4




Palm to palm with fingers interlaced;

5




Backs of fingers to opposing palms with fingers interlocked;

6




Rotational rubbing of left thumb clasped in right palm and vice versa;

7



Rotational rubbing, backwards and forwards with clasped fingers of right hand in left palm and vice versa;

8



Once dry, your hands are safe.

World Health Organization | Patient Safety | SAVE LIVES Clean Your Hands

अनुसुची ३

| Setting | Target Personnel | Activity | Appropriate PPE to be worn | | | | | | | Comments |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Person to person physical distance >1 meter | N 95 Respirator Mask | Medical (Surgical) Mask | Eye Goggles or Visor[1] | Gloves | Gown or Apron | Hands and Respiratory Hygiene[2] | |
| Reception Areas | Patient | Arrival at isolation centre | × | | × | | | | × | All patients should wear a medical mask |
| Reception Areas | Receptionist | Checking in patient | × | | × | | | | × | Ideally a glass/clear plastic counter barrier (with communication hole) to separate the patient from the receptionist. If this is in place, the receptionist does not need PPE |
| Patient rooms | Health care workers | Providing direct care to patients | | × | × | × | × | × | × | If performing aerosol generating procedure, wear N95 respirator |
| Patient rooms | Cleaners/ food handlers | Cleaning rooms or collecting food trays | × | | × | | × | × | × | Heavy duty gloves, gown and apron are recommended, if risk of splash use goggles or face shield |
| Patient rooms | Visitors | Visiting patients | × | | × | | × | × | × | Gown is recommended |
| Administrative areas | Admin Staff | No direct contact with patients | × | | | | | | × | No PPE required |
| Transfer of patients | Drivers and escort | Transferring of patients between health facilities | × | | | | | | × | Separate driver/patient compartments recommended if physical contact |